# राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, पुल्चोक, ललितपुर

# विशेषज्ञ सेवाको लागि आवेदन दिने सम्बन्धी सूचना

***दोश्रो पटक प्रकाशित मिति :- २०७५ चैत्र २६ गते***

राष्ट्रिय मानब अधिकार आयोगले संयुक्त राष्ट्र संघिय संयन्त्र बिश्वब्यापी आवधिक समिक्षा (Universal Periodic Review – 2015) का सिफारिशहरुको कार्यन्वयनको लागि नेपाल सरकार ,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार पारिएको "बिश्वब्यापी आवधिक समिक्षा मार्फत प्राप्त सिफारिस कार्यन्वयन कार्ययोजनामा" समाबेश गरिएका बिषयहरुको अर्थ ,यसको ब्याख्या, कार्यन्वयनको अवस्था तथा तुलनात्मक अभ्यासको बारेमा स्पस्ट पार्ने उदेश्यले तपशिलमा उल्लेख गरिएका बिषयहरुमा एक/एक वटा बिषयगत स्थिति पत्र (Position Paper) तयार गर्न विशेषज्ञ सेवाको लागि आवेदन गर्न २०७५ माघ २२ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा पर्याप्त मात्रामा आवेदनहरू पर्न नआएको हुदा २०७५ चैत्र २५ गते बसेको आयोगको बैठक बाट प्राप्त आवेदनहरुलाई यथावत राखी थप आवेदनहरु पेश गर्नको लागि पुनः सात (७) दिनको म्याद दिई आयोगको website मा सूचना प्रकाशित गर्ने निर्णय भएको हुदा दोस्रोपटक यो सूचना प्रकाशित गरिएको छ।

बिषयगत स्थिति पत्र (Position Paper) तयार गर्न इच्छुक र योग्य बिशेषज्ञहरुले यो दोस्रोपटकको सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र tikaram.pokharel@nhrcnepal.org र prem.thapa@nhrcnepal.org मा वा आयोगको प्रशासन माहाशाखामा तपसिलमा उल्लेख गरिएका सर्त तथा बन्देजहरुको अधिनमा रही आबेदन गर्न सूचित गरिन्छ। अन्य विस्तृत जानकारीको लागि आयोगको टेलिफोन नम्बर ५०१००१५ एक्सटेन्सन १३१ वा ९८४९६६८८५७ (प्रेम बहादुर थापा) मा सम्पर्क गर्न सकिनेछ।

## <u>शर्त तथा बन्देजहरु</u>

१. आबेदन गर्न इच्छुक व्यक्तिहरुले आफ्नो बैयिक्तिक विवरण ( Bio-data) र आफुले बिषयगत स्थिति पत्र (Position Paper) तयार गर्न चाहेको बिषयबस्तु समेत उल्लेख गरि उल्लेखित इमेल ठेगानामा पठाउनु हुन वा प्रशाशन महाशाखामा उपस्थित भइ आबेदन पेश गर्नु पर्नेछ।

२. बिशेषज्ञहरुले आफुले तयार पार्ने बिषयगत स्थिति पत्र (Position Paper) मा बिश्वब्यापी आवधिक समिक्षा मार्फत प्राप्त सिफारिस कार्यन्वयनको लागि तयार पारिएका हरेक बिषयहरुको अर्थ ,यसको ब्याख्या, प्रचलित नेपाल कानुन र अन्तराष्ट्रिय कानुनी व्यवस्था , सिफारिसहरुको कार्यन्वयनको बर्तमान अबस्था , तुलनात्मक अभ्यास, विश्लेषण र सिफारिस कार्यन्वयन लागि चाल्नु पर्ने आबश्यक सिफारिसहरु समाबेश भएको हुनु पर्नेछ।

३. प्राप्त आबेदनहरुको आधारमा बिशेषज्ञहरुको छनौट गर्ने अन्तिम निर्णयमा आयोगमा निहित रहनेछ।

४. आयोग र छनौट भएका बिशेषज्ञहरुको बीच आयोगले निर्धारण गरेको बजेटको आधारमा पारीश्रमिक निर्धारण गरि सम्झौता गरिने छ र यस्तो पारिश्रमिकमा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरिनेछ।

## तपशिल

**बिषयगत स्थिति पत्र (Position Paper) तयार गरिने बिषयहरु**

१. शिक्षा
२. स्वास्थ्य, पोषण तथा जनसङ्ख्या
३. श्रम तथा रोजगार
४. कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत)
५. वातावरण र दिगो विकास
६. महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक
७. नेपालको अन्तर्राष्ट्रिय दायित्व
८. खाद्य सुरक्षा (खाद्य स्वच्छता र सम्प्रभुता, स्वस्थ कृषि वस्तु उत्पादन तथा बिक्री, वितरण र उपभोक्ता हक)
९. संक्रमणकालीन न्याय र द्वन्द्वपीडित
१०. मानव अधिकार शिक्षा
११. समावेशी विकास (आदिवासी, जनजाति तथा सीमान्तकृत वर्ग, दलित, पिछडिएको वर्ग क्षेत्र, बादी)
१२. बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बालन्याय)
१३. सामाजिक सेवा र सुरक्षा (खानेपानी, ऊर्जा, सरसफाइ, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग)
१४. सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन
१५। संस्थागत सुदृढीकरण